# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

CDSC
शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स
पुतलीसडक, काठमाडौं। फोन नं.: ५३३८००८/५३१६०६८/५३४०१५०

## सूची दर्ता सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८२/०३/१८)**

यस लि.को दैनिक कार्य सञ्चालनका लागि आ.व. २०८२/०८३ मा आवश्यक पर्ने तपसिल बमोजिमका सामग्री तथा सेवाहरू पटक-पटक वा एकै पटक खरिद गर्नुपर्ने भएकोले मौजुदा सूची (Standing List) दर्ताका लागि इच्छुक आपूर्तिकर्ता, सेवा प्रदायक फर्म/कम्पनी वा व्यक्तिहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस लि. को प्रशासन तथा जनशक्ति शाखामा संस्था दर्ता र नवीकरण भएको इजाजत पत्र, स्थायी लेखा नम्बर, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र, संस्थाको प्रोफाइल सहित कार्य अनुभव (भएमा), विगतमा कालोसूचीमा नपरेको स्वघोषणा, आ.व.२०८०/८१ को कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपि र वस्तु तथा सेवा आपूर्ति गर्न आधिकारिक एजेन्सी, वितरक भए सोको प्रमाणपत्रको प्रतिलिपि सहित कार्यालयको सम्पर्क व्यक्ति, सम्पर्क नम्बर, फोन नम्बर, फ्याक्स नम्बर तथा इमेल ठेगाना स्पष्ट उल्लेख गरी कार्यालय समयभित्र प्रत्येक कार्यका लागि छुट्टाछुट्टै निवेदन खाम बन्दी गरी दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

१. स्टेसनरी, मसलन्द, कार्यालय सञ्चालन र अन्य सामानहरू,
२. छपाइ सम्बन्धी कार्य,
३. फर्निचर एवं फर्निसिङ (खरिद तथा मर्मत) र सो सम्बन्धी कार्य (काठ, स्टिल,पर्दा, सिसा तथा अन्य हार्डवेयरका सामानहरू),
४. सवारीसाधन मर्मत तथा पार्टपुर्जाहरू सम्बन्धी कार्य,
५. मेसिनरी औजार तथा उपकरण (कम्प्युटर, सर्भर, इन्टरनेट, प्रिन्टर, फोटोकपी मेसिन, यु.पी.एस., टेलिफोन, एयरकन्डिसन लगायत अन्य इलेक्ट्रिक र इलेक्ट्रोनिक सामानहरू खरिद तथा मर्मत समेत),
६. वेबसाइट/सफ्टवेयर बनाउने, मर्मत गर्ने जस्ता सेवा तथा सफ्टवेयर लाइसेन्स प्रदान गर्ने, लगायतका सेवा,
७. खानेपानी आपूर्ति सेवा, खाद्यान्न, तरकारी, फलफूल खरिद सम्बन्धी सेवा
८. सुरक्षा सेवा तथा सरसफाइ सेवा प्रदायक,
९. बीमा, लेखा र लेखापरीक्षण सम्बन्धी सेवा
१०. ब्रान्डिङ, प्रचारपसार तथा विज्ञापन एजेन्सी सम्बन्धी सेवा,
११. हवाई टिकट, कुरियर तथा सवारीसाधन भाडामा खरिद सम्बन्धी सेवा,
१२. कानूनी तथा प्राविधिक परामर्श सेवा, जनशक्ति आउटसोर्स सेवा तथा तालिम प्रदान गर्ने कार्य,
१३. प्लम्बिङ तथा धारा मर्मत सम्बन्धी सेवा,
१४. साइबर सुरक्षा सम्बन्धी परामर्श, तालिम तथा अन्य सेवा,
१५. IS Audit, VAPT लगायतका सेवा।